नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

(प्रशासन तथा प्रेस शाखा)

प.सं. : २०७७/७८

च.नं.:- १८८

मिति : २०७७/०५/२८

## सञ्चार प्रतिष्ठानहरूले छुट दरबन्दी र श्रमजीवी विवरण बुझाउने तथा श्रमजीवी विवरणमा संशोधन गर्ने अत्यन्त जरुरी सूचना ।

आ.व. ०७७/७८ को दरबन्दी र श्रमजीवी विवरण कारणवश पहिले बुझाउन नसकेका सञ्चार प्रतिष्ठानहरुले छुट दरबन्दी र श्रमजीवी विवरण बुझाउन तथा श्रमजीवी विवरणमा कुनै संशोधन गर्नुपर्ने भए संशोधनसहितको विवरण यही २०७७ असोज १ देखि ३० गतेभित्र विभागको वेवसाइट www.doinepal.gov.np मा रहेको **अनलाइन सेवा** मार्फत तपशीलबमोजिम पेश गर्नुहुन यो सूचना पुनः प्रकाशित गरिएको छ ।

**तपसिल**

१) प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम चालु आ.व. २०७७/७८ का लागि विभागमा बुझाउने दरवन्दी र श्रमजीवी विवरण विभागको वेभसाइट www.doinepal.gov.np मा गई **अनलाइन सेवा** मार्फत भर्नुपर्नेछ ।

२) चालु आ.व. २०७७/७८ का लागि निर्धारण गरिएको दरवन्दी विवरण एकैपटक बुझाउनु पर्नेछ । विवरणमा उल्लेखित रिक्त पदमा भने पछि श्रमजीवी पत्रकार नियुक्त गरी पेश गर्न सकिनेछ ।

३) **५ जनाभन्दा बढी दरबन्दी** भएको सञ्चारगृहहरुले दरबन्दी विवरण पठाउँदा निम्न विवरण **अनिवार्य** भरेको हुनुपर्ने ।

   क) तलबी विवरण (Pay Roll) को प्रमाणित प्रतिलिपि,

   ख) तलब भुक्तानीको लागि सम्बन्धित बैंकलाई लेखिएको बैंकद्वारा प्रमाणित पत्र,

   ग) सञ्चार प्रतिष्ठानहरुले सञ्चार माध्यम दर्ता प्रमाणपत्र र सो प्रमाणपत्र नवीकरण गर्नुपर्ने भएमा नवीकरण भएको प्रमाणपत्र अनलाइन सेवामा नै **अनिवार्य** अपलोड गर्नुपर्ने छ ।

४) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ५ को व्यवस्था अनुसार कुल दरबन्दीको १५% मात्र करार सेवामा नियुक्त गर्न सकिने छ ।

५) तोकिएको ढाँचा भन्दा भिन्न रुपमा भरिएका विवरणहरु दर्ता गरिने छैन ।

६) विवरण भर्दा सावधानीपूर्वक यथार्थ विवरण भरी एकिन गरी पठाउनुपर्ने छ । गलत विवरण पठाएमा सम्बन्धित सञ्चार प्रतिष्ठान जिम्मेवार रहनेछ ।

७) विवरण भरिसकेपछि **Confirmation Number** प्राप्त हुनेछ । सो नम्बरबाट विवरण हेर्न, प्रिन्ट गर्न र रिक्त दरबन्दीमा श्रमजीवी थप गर्न सकिनेछ । **Confirmation Number** सुरक्षित राख्नु होला ।

८) **२०७७ कार्तिक १ गतेदेखि ७ गतेसम्म विवरण संशोधन गर्न सकिने छ । उल्लेखित समयमा पेश गरेको विवरण बमोजिमको प्रेस प्रतिनिधि प्रमाणपत्र जारी कार्तिक ८ गतेपश्चात हुनेछ ।**

२०७७/०५/२८

**वसन्त बहादुर खत्री**

**(शाखा अधिकृत)**

**बोधार्थ:**

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**बोधार्थ तथा कार्यार्थ:**

श्री हुलाक निर्देशनालय/कार्यालय (७ वटै प्रदेश राजधानीस्थित रहेका): यसै सूचना बमोजिम नवीकरण गर्नुहुन ।

श्री प्रेस काउन्सिल नेपाल, सञ्चाग्राम ।

श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चारग्राम ।

श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं: तहाँ अन्तर्गत सम्पूर्ण जिल्ला शाखा र सञ्चार प्रतिष्ठानहरुलाई जानकारी गराइदिनुहुन ।